Rupantaran : A Multidisciplinary Journal
Vol. III : 139-152, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# शोधलेख तथा शोधप्रतिवेदनमा सन्दर्भ स्रोतको उपयोग

डा. तिलकप्रसाद लम्साल[१]
इमेल : *tilaklamsal522@gmail.com*

## सार

*शोधलेख तथा शोधप्रतिवेदनमा सन्दर्भ स्रोतको उपयोगका बारे प्रकाश पार्नु यस लेखको उद्देश्य हो । एमएलए पद्धतिमा आधारित भएर यस लेखमा शोधका प्राविधिक पक्षहरूको निरूपण गरिएको छ । यस सन्दर्भमा शोधलेख र शोधप्रतिवेदनमा सन्दर्भस्रोत (साइटेसन र वर्क साइटेड) देखाउने तरिकाका विविध पक्षहरूलाई उद्घाटित गर्ने काम गरिएको छ । त्यस्ता पक्षहरूमा शोधलेख वा शोधप्रतिवेदनभित्र एमएलए र एपिए दुवै शैलीमा गर्भे टिप्पणी (प्यारेन्थिटिकल रेफरेन्स) वा उद्धरण र गर्भे सन्दर्भको प्रयोग गर्ने तरिका र उद्धृत सामग्रीको सूची वा सन्दर्भसूची (रेफरेन्स वा वर्क साइटेड) राख्ने तरिकालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ । दुवै शैलीमा उद्धृत सामग्रीको सूची वा सन्दर्भसूची तयार गर्दा नौ ओटा तत्त्वहरू (लेखक, शीर्षक, सङ्ग्रहको शीर्षक, अरू लेखन प्रदायकहरू सम्पादक/अनुवादक आदि, संस्करण, अङ्क, भोलम (नम्बर), प्रकाशक, प्रकाशन मिति, र पृष्ठ स्थान) को क्रम मिलाउने तर्फ ध्यान दिनुपर्छ भन्ने तथ्यलाई यस लेखमा उजागर गरिएको छ । यसका साथै शोधलेख (प्राज्ञिक लेख) तथा शोधप्रतिवेदन ज्यादै औपचारिक र प्राविधिक रूपले सुसङ्गठित एवं सुव्यवस्थित लेखन ढाँचा हो, जुन निश्चित शोधविधिमा आधारित हुन्छ भन्ने तथ्यलाई शोध लेखन ढाँचाका नियम पद्धतिका आधारमा देखाउन खोजिएको छ । यसर्थ यस लेखमा शोधका निर्धारित सन्दर्भ सङ्केतका शैली वा पद्धतिहरूका आधारमा शोधलेख तथा शोधप्रतिवेदनमा सन्दर्भ स्रोतलाई प्रस्तुत गर्नु पर्छ भन्ने निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।*

**मुख्य शब्दावली:** ढाँचा, निरूपण, प्राज्ञिक, प्राविधिक, शोधलेख, सन्दर्भस्रोत

## परिचय

शोधलेखमा शोध र लेख दुई शब्द रहेका छन् । शोधको अर्थ शुद्ध पार्ने वा चोख्याउने काम, कुनै विषयमा गहन अध्ययनका साथ गरिने खोज अनुसन्धान भन्ने रहेको देखिन्छ (पोखरेल १२६८) । त्यसै गरी पोखरेलकै शब्दमा लेख भनेको कुनै विषयमा लेखेर प्रकट गरिएको विचार वा कुरो, रचना हो (११८५) भन्ने रहेको छ । यसर्थ शोधलेख भन्नाले कुनै निश्चित शोधविधिका आधारमा विवेच्य विषयलाई सैद्धान्तिक दृष्टिकोणले व्याख्या विश्लेषण गरेर निष्कर्ष निकालिएको प्राज्ञिक लेखन भन्ने बुझिन्छ । त्यस्तै शोधनिर्देशकका अन्तर्गत रहेर शोधार्थीले कुनै विषयमा आफ्नो शोधकार्य पूरा गरी तयार पार्ने गहन लेख वा पत्रलाई शोधप्रतिवेदन वा शोधपत्र भनिएको छ (पोखरेल १२६८) । त्यसरी नै पोखरेलकै अनुसार शोधप्रबन्ध भन्नाले शोधका आधारमा प्राप्त जानकारीलाई सङ्कलित गरेर लेखिएको प्रबन्ध भन्ने रहेको छ (१२६८) । यस आधारमा हेर्दा शोधलेख सङ्क्षिप्त रूपको तर लेखनमा शोधनिर्देशक नचाहिने तथा शोधप्रतिवेदन विस्तृत स्वरूपको र अनुसन्धान कार्य सम्पन्न गर्न शोधनिर्देशक चाहिने प्राज्ञिक लेखन रूप हो । दुवै निश्चित सिद्धान्त र शोधविधिमा आधारित हुन्छन् भने दुवैका प्राविधिक ढाँचा र आधारभूत

१. लेखक नेपाल खुला विश्वविद्यालय, ललितपुरमा नेपाली विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

अङ्गहरूमा समानता देखिन्छ । शोधलेख वा शोधप्रतिवेदन तयार गर्दा प्राविधि पक्षहरूको समुचित विन्यास जरुरत पर्दछ । प्रचलनमा रहेका एपिए र एमएलए शैलीलाई लेखनमा उपयोग गर्ने तरिकाका सम्बन्धमा शोध गर्नु यस लेखको समस्या हो । यही मूल समस्यासँग सम्बन्धित भएर निम्नानुसारका अनुसन्धान प्रश्नहरू तय गरिएका छन् :

(क) शोधलेख र शोधप्रतिवेदन लेखनमा एपिए र एमएलए पद्धतिअनुरूप गर्भे टिप्पणी (प्यारेन्थिटिकल रेफरेन्स) गर्ने तरिका के कस्ता छन ?

(ख) शोधलेख र शोधप्रतिवेदन लेखनमा एपिए र एमएलए पद्धतिअनुसार उद्धृत सामग्रीको सूची वा सन्दर्भसूची (रेफरेन्स वा वर्क साइटेड) कसरी राखिन्छ ?

## अध्ययन विधि

प्रस्तुत लेख तयार गर्दा पुस्तकालयीय पद्धतिबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि एमएल र एपिए पद्धति पब्लिकेसनका म्यानुअलहरूलाई सैद्धान्तिक अवधारणका रूपमा अँगालिएको छ । यस लेखमा वर्णनात्मक र विश्लेषणात्मक अध्ययन विधिका माध्यमबाट शोधका प्राविधिक पक्षहरूको चित्रण गरिएको छ । यो अध्ययन एमएलए पद्धतिमा प्रस्तुत गरिएको छ ।

## छलफल र परिणाम

यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन शोधलेख (प्राज्ञिक लेख) तथा शोधप्रतिवेदनमा सन्दर्भ स्रोत उपयोगका विविध पक्षहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । शोधलेख वा शोधप्रतिवेदन तयार गर्दा अरूका विभिन्न सामग्रीहरू (पुस्तक, पत्रपत्रिका, समाचारपत्र, अनलाइनपत्रिका, विद्युतीय पुस्तक, जर्नल लेख, शोधप्रतिवेदन, अन्तर्वार्ता आदि) को उपयोग गरिएको हुन्छ । लेखन तथा अध्ययनमा त्यस्ता सामग्रीहरूको सन्दर्भस्रोत खुलाउनुपर्छ। मूलतः उद्धरणको सन्दर्भस्रोत खुलाएर र सन्दर्भ सामग्री सूची तयार गरेर ती प्रयुक्त सामग्रीहरूको सन्दर्भस्रोत देखाइन्छ । यसरी सन्दर्भस्रोत देखाउँदा खास शोधपद्धितिका आधारमा प्रस्तुत गर्नुपर्छ । यस सम्बन्धमा ए म्यानुअल अन फरमेटिङ एन्ड अर्गनाइजिङ डिजर्टेसनले मूल पाठमा सन्दर्भ सङ्केत (Citation) गर्ने निम्न तीन पद्धितिहरूको उल्लेख गरेको पाइन्छ (६७) :

(क) लेखक र पृष्ठको उल्लेख गरिने गर्भे टिप्पणी (Parenthetical Reference) को ढाँचा जसलाई MLA (Modern Language Association) पद्धति भनिन्छ ।

(ख) लेखक र कृतिका मितिको उल्लेख गरिने गर्भे टिप्पणी (Parenthetical Reference) को ढाँचा जसलाई APA (American Psychological Association) पद्धति भनिन्छ ।

(ग) फुटनोट, पाठान्त नोट (End Note) र बिब्लियोग्राफिकल नोटको पद्धति पनि छ जसलाई सिकागो म्यानुअलले प्रयोगमा ल्याउँछ ।

शोधलेखनमा मुख्य गरेर दुईओटा एमएलए (मोर्डन ल्याङ्ग्वेज एसोसिएसन) पद्धति र एपिए (अमेरिकन साइकोलोजिकल एसोसिएसन) पद्धति प्रचलित रहेका छन् । जुन पद्धतिको प्रयोग गरे पनि एकरूपता हुनुपर्छ । तेस्रो पद्धति भने अहिले हामीकहाँ प्रचलनमा रहेको पाइदैन ।

शोधलेखनमा सन्दर्भस्रोत सङ्केत गर्दा दुई तरिकाले देखाउनुपर्छ । एउटा पाठभित्रै सन्दर्भस्रोत (प्यारेन्थिटिकल रेफरेन्स) खुलाउने र शोधकार्यको अन्त्यमा सन्दर्भस्रोतको सूची (रेफरेन्स वा वर्क साइटेड) तयार गर्ने ।

त्यसै गरी अरूका सामग्रीहरूलाई आफ्नो अनुसन्धानमा उपयोग गर्दा मूलतः तीन किसिमले प्रस्तुति गरेर शोधप्रतिवेदन तयार पारिन्छ :

(क) प्रत्यक्ष कथनमै भनेर

(ख) अरूका कुरालाई आफ्ना शब्दमा प्रस्तुत गरेर (प्याराफ्रेज)
(ग) सङ्क्षेपीकरण गरेर

यी तीनमध्ये सामग्रीको उपयोग जुन किसिमले गरे पनि तिनको स्रोतबारे इमान्दारीपूर्वक जानकारी दिनै पर्छ नत्र भावहरणको दोष लाग्दछ । भावहरणलाई बौद्धिक वेइमानी मानिन्छ ।

पाठभित्रै सन्दर्भस्रोत (प्यारेन्थिेटिकल रेफरेन्स) खुलाउने र शोधकार्यको अन्त्यमा सन्दर्भस्रोतको सूची (रेफरेन्स वा वर्क साइटेड) तयार गर्ने ।

## गर्भे टिप्पणी वा पाठभित्रै सन्दर्भस्रोत (प्यारेन्थिेटिकल रेफरेन्स) खुलाउने तरिका

### (अ) एमएलए (MLA) पद्धतिमा उद्धरण र गर्भे सन्दर्भको प्रयोग गर्ने तरिका

(क) कसैको भनाइ जस्ताको त्यस्तै ल्याउनु परेमा दोहोरो उद्धरण चिन्हमा राख्नु पर्छ, जस्तैः

त्रिपाठी के भन्दछन भने "मानवीय वा रागात्मक भाषाको कलात्मक अभिव्यक्तिक्षेत्रस्वरूप साहित्यको विश्लेषण स्वयम् नै कठिन छ भने त्यस अध्ययनलाई व्यक्त गर्ने शोधभाषा पनि पर्याप्त भावमय र रागात्मक हुन जानु समेत स्वाभाविक नै रहन्छ" (७०) ।

(ख) लेखकको नाम पाठ (वाक्य) भित्रै परेको छ भने कोष्ठकभित्र फेरि नाम उल्लेख गर्नु पर्दैन, पृष्ठ सङ्ख्या मात्र लेखिन्छ । जस्तै : त्रिपाठी शोधभाषाको चर्चा गर्ने क्रममा के भन्छन् भने "मानवीय वा रागात्मक भाषाको कलात्मक अभिव्यक्तिक्षेत्रस्वरूप साहित्यको विश्लेषण स्वयम् नै कठिन छ भने त्यस अध्ययनलाई व्यक्त गर्ने शोधभाषा पनि पर्याप्त भावमय र रागात्मक हुन जानु समेत स्वाभाविक नै रहन्छ" (७०) ।

यस कथनलाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ :

त्रिपाठी साहित्यिक शोधभाषाका विशेषता चर्चा गर्ने क्रममा भन्छन् : "मानवीय वा रागात्मक भाषाको कलात्मक अभिव्यक्तिक्षेत्रस्वरूप साहित्यको विश्लेषण स्वयम् नै कठिन छ भने त्यस अध्ययनलाई व्यक्त गर्ने शोधभाषा पनि पर्याप्त भावमय र रागात्मक हुन जानु समेत स्वाभाविक नै रहन्छ"(७०) ।

(ग) लेखकको नाम पाठ (वाक्य) मा नभएका अवस्थामा लेखकको नाम र पृष्ठ सङ्ख्या कोष्ठमा दिनुपर्छ । जस्तै :

साहित्य मानवीय वा रागात्मक भाषाको कलात्मक अभिव्यक्ति भएकाले यसको विश्लेषण आफैमा कठिन छ भने त्यस अध्ययनसँग सम्बन्धित शोधभाषा भावमय वा रागात्मक हुन जानु स्वाभाविक नै रहन्छ (त्रिपाठी ७०) ।

(घ) सिङ्गो कृतिको नाम नै पाठमा उल्लेख गरिएको छ वा सिङ्गै कृतिलाई नै सामग्रीका रूपमा प्रयोग गरिएको छ भने कोष्ठमा सन्दर्भ खुलाइ रहनु पर्दैन । जस्तै :

त्रिपाठीले साहित्य सिद्धान्त : शोध तथा सृजनविधि शीर्षकको पुस्तकमा शोध र सृजनाका विविध पक्षमा विस्तृत विवेचना गर्दै यिनका प्राविधिक पक्षका जटिलतालाई फुकाउने प्रयास गरेका छन् ।

(ङ) तीन जना लेखकसम्म भए तीनै जनाको थरको उल्लेख गर्नुपर्छ ।

(च) एउटै कृतिको चार वा सोभन्दा बढी लेखक भए पहिलो लेखकको थर लेखेर र 'अरूहरू' को प्रयोग गर्नुपर्छ ।

(छ) एउटै थर भएका एकभन्दा बढी लेखकका सामग्री उद्धृत गरिएको भए अङ्ग्रेजीमा लेखकको नामको सङ्क्षिप्त रूप (जस्तैः एम. शर्मा, टि. शर्मा) आदि प्रयोग गरिन्छ तर नेपाली नाममा सङ्क्षिप्त रूपको प्रयोग नहुने हुनाले विकल्पमा यसो गर्न सकिन्छ, जस्तै :

शर्मा, मोहनराजले खण्डकाव्य देवयानीको संरचनात्मक विश्लेषण गर्ने सन्दर्भमा यस आख्यानात्मक कृतिको कथानकसँग गाँसिएका क्रियाहरू गर्ने व्यक्तिहरू देवयानी,कच र शुक्राचार्य हुन् भन्ने विचार व्यक्त गरेका छन् (७२) ।

शर्मा, तानाले नाटककार बालकृष्ण समको नाट्य विशेषताको व्याख्या गर्दै “सामाजिक र मनोवैज्ञानिक नाटकहरूलाई माथिल्लो श्रेणीको विश्लेषणात्मकले प्रकट गर्नु समको विशेषता हो” भनेका छन् (१३०) ।

(ज) एउटै लेखकका एकभन्दा बढी कृतिको प्रयोग गर्दा कोष्ठकमा थरसँगै कृतिको नामको छोटो रूपको समेत उल्लेख गर्नुपर्छ । जस्तै :

नेपाली भाषाको लिखित काव्य वीर-वन्दनाबाट प्रारम्भ भएको रहेछ भन्ने आजसम्मको हाम्रो खोजबाट देखिएको छ (उपाध्याय, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति ४) ।

ईश्वरका मृत्युको घोषणा गर्ने नित्से शक्तिपूजक हुन् र यिनले महामानवको कल्पना गरी युद्धको पक्षमा बोलेका छन् (उपाध्याय, समको दुःखान्त नाट्य चेतना ३४) ।
यही सामग्रीलाई यसरी प्रस्तुत गर्न पनि सकिन्छः

उपाध्यायले नित्सेको मूल्याङ्कन गर्दै भनेका छन् : “ईश्वरका मृत्युको घोषणा गर्ने नित्से शक्तिपूजक हुन् र यिनले महामानवको कल्पना गरी युद्धको पक्षमा बोलेका छन्” (समको दुःखान्त नाट्य चेतना ३४) ।

(झ) सम्पादक/संयोजक वा सङ्कलकका नाममा भएका सामग्री उपयोग गरेको भए लेखकका सट्टा सोही सम्पादक/संयोजक वा सङ्कलककै थरको उल्लेख गर्नुपर्छ, त्यहाँ सम्पा. वा अनु. वा संयो आदिको उल्लेख गर्नु पर्दैन ।

(ञ) एउटै विचार वा मत भएका एकभन्दा बढी सन्दर्भलाई देखाउनु पर्दा कोष्ठकमा अर्धविरामले छुट्ट्याउँदै बेग्ला बेग्लै प्रविष्टि गर्नुपर्छ । जस्तै : आनन्द र आतङ्क बिच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । एउटा विशिष्ट कालखण्ड र विशिष्ट सामाजिक परिवेशमा आतङ्क पनि आनन्दको स्रोत बन्छ । प्रसव पीडामा आतङ्क र आनन्द दुवै भए झैँ परिवेश विशेषमा हिंसा, युद्ध र दुःखान्तमा पनि आनन्दको अनुभूति हुन्छ (चैतन्य १७-१८ ; बराल ४८-४९ ; पाण्डेय ३२) ।

(ट) तीन पङ्क्तिसम्मका उद्धरणलाई मूल पाठ वा अनुच्छेदभित्रै प्रसङ्ग आएकै ठाउँमा राखिन्छ र कोष्ठकमा सन्दर्भ स्रोतको उल्लेख गरेपछि मात्र पूर्णविराम दिइन्छ, जस्तै :

पद्यहरूको सिलसिला मिलेर कुनै दृष्य वा वस्तुको बयान भएको पद्यावलीलाई कविता भनिन्छ । कवितामा यत्ति नै पद्य रहनुपर्दछ भन्ने नियम छैन । पाँच सात पद्यदेखि दश बाह्र सय पद्यसम्म कवितामा रहन सक्छन् (आचार्य ७) ।

(ठ) चार पङ्क्ति वा सोभन्दा बढी उद्धरण गरिएको भए देब्रे इन्डेन्टबाट १० स्पेस छोडेर बैग्ले अनुच्छेद (ब्लक कोटेशन) मा राखिन्छ र उद्धरणको अन्तिम वाक्य टुङ्गिए पछि पूर्णविराम दिइन्छ र पूर्ण विरामपछि (बाहिर) कोष्ठकमा सन्दर्भ स्रोतको अनि मात्र उल्लेख गरिन्छ, जस्तै : अलङ्कार काव्यको गहना हो । अलङ्कार्य गहना लाउने शरीर आदि हुन् । काव्यमा अलङ्कारको कार्य र महत्त्वका सम्बन्धमा अलङ्कारवादी हरूको धारणा यस्तो छ :

जसरी मानिस राम्रा राम्रा गहना, लुगा आदिले आकर्षक र राम्रो देखिन्छ, त्यसरी नै साहित्य पनि बाहिरी अलङ्कारले आकर्षक देखिन्छ । आफ्नो भावलाई प्रभावपूर्ण ढङ्गले अर्कामा संप्रेषण गर्नका

लागि साहित्यमा अलङ्कार प्रभावकारी माध्यम बन्न सक्छ ।....अलङ्कारले थोरै शब्दमा धेरै भावपूर्ण ढङ्गले भन्न सक्ने बनाउँछ । कुनै कुरालाई प्रभावकारी बनउनका लागि बढाई चढाई भन्ने गर्नु, कुनै कुरलाई अर्को वस्तुसँग काल्पनिक तुलना गर्नु अथवा सम्भावना गर्नु, दुई समान धर्मका वस्तुमा भेद नै छैन कि जस्तो देखाउनु, अर्काले भनेको अभिप्रायलाई बुझ्दा बुझ्दै पनि नबुझे झैं गरेर त्यसको अर्कै अर्थ लगाइदिनु, असम्भव वस्तुको कसैसँग तुलना गरेर देखाउनु आदि वैचिञ्यले साहित्यलाई उच्चस्तरीय बनाउन ठूलो योगदान दिन्छ (अधिकारी ५५।

(ड) लेखकको कथन वा विचार उसकै मूल कृतिबाट उद्धृत गर्न सम्भव नभई दोस्रो स्रोतबाट उपयोग गर्नु पर्ने भए उद्धृत सामग्री र स्रोतलाई दोहोरो उद्धरण चिन्हभित्र राखेर कोष्ठमा '....मा उद्धृत' भन्नुपर्छ र मात्र पूर्णविराम दिनुपर्छ, जस्तै :

मार्क्सवादी दुःखान्त नाट्यमान्यता अनुसार "समस्त दुःखान्तीय विषयवस्तुका मूलमा सामाजिक-ऐतिहासिक द्वन्द्वको भूमिका हुन्छ र त्यसमा आपसमा मिल्न नसक्ने विरोधी शक्तिहरूको युद्ध देखाइन्छ (उपाध्याय ३६ मा उद्धृत)"।

(ढ) यस पद्धतिमा गर्भे सन्दर्भ दिँदा अन्तिम नाम (थर) पछि अल्प विराम हुँदैन र कृतिका वर्षको उल्लेख पनि हुँदैन ।

(ण) अन्तिम नामपछि एक स्पेस छोडेर पृष्ठ टाइप नगरी केवल पृष्ठ सङ्ख्याको उल्लेख गरिन्छ ।

(त) मूल पाठमै लेखक/पूर्व अध्येताको नाउँ आएको छ भने उद्धृत सामग्रीपछि कोष्ठकमा केवल पृष्ठको सङ्ख्या मात्र उल्लेख गरिन्छ ।

(थ) मूल पाठ (वाक्य) मा नाउँ छैन भने मात्र कोष्ठकमा अन्तिम नाम र पृष्ठ सङ्ख्याको उल्लेख हुन्छ । मूल पाठ र कोष्ठक दुवै ठाउँमा अर्थात् दोहोरो नामको उल्लेख गरिँदैन ।

**(आ) एपिए (APA) पद्धतिमा गर्भे उद्धरण र सन्दर्भ स्रोत (सङ्केत) राख्ने तरिका**

(क) प्रत्यक्ष उद्धरण गर्दा अरूको भनाइलाई दोहोरो उद्धरण चिन्हमा राख्नु पर्छ, जस्तै :

त्रिपाठी (७०) भन्दछन् "मानवीय वा रागात्मक भाषाको कलात्मक अभिव्यक्तिक्षेत्रस्वरूप साहित्यको विश्लेषण स्वयम् नै कठिन छ भने त्यस अध्ययनलाई व्यक्त गर्ने शोधभाषा पनि पर्याप्त भावमय र रागात्मक हुन जानु समेत स्वाभाविक नै रहन्छ"(पृ.७०)।

(ख) लेखकको थरसँगै उद्धृत कृतिको प्रकाशन बर्ष राख्नुपर्छ । त्यसपछि लगत्तै पृष्ठ सङ्ख्या राखे पनि हुन्छ वा उद्धृत वाक्य/कथन टुङ्गिएर राखे पनि हुन्छ, जस्तै :

नित्सेको दुःखान्त नाट्यमान्यताका सम्बन्धमा उपाध्याय (२०४५) ले भनेका छन् : "ईश्वरका मृत्युको घोषणा गर्ने नित्से शक्तिपूजक हुन् र यिनले महामानवको कल्पना गरी युद्धको पक्षमा बोलेका छन्" (पृ. ३४) ।

(ग) प्रत्यक्ष कथनका लामा उद्धरणको प्रयोग पनि मूल पाठमै गरिन्छ । ४० शब्दभन्दा लामा उद्धरणलाई मूल पाठमा प्रयोग गर्दा देब्रे इन्डेन्टबाट आधा इन्च छोडेर बेग्लै अनुच्छेद (ब्लक कोटेशन) मा राखिन्छ । बेग्लै अनुच्छेदमा उद्धरण राखि सकेपछि स्रोतलाई अन्तिम वाक्यको पूर्ण विरामभन्दा बाहिर कोष्ठकभित्र राखिन्छ । अर्थात् स्रोत अङ्कनलाई उद्धृत अन्तिम वाक्यको पूर्ण विरामभन्दा बाहिरै राखिन्छ, जस्तै : अलङ्कार काव्यको गहना हो । अलङ्कार्य गहना लाउने शरीर आदि हुन् । काव्यमा अलङ्कारको कार्य र महत्त्वका सम्बन्धमा अलङ्कारवादी हरूको धारणा यस्तो छ :

जसरी मानिस राम्रा राम्रा गहना, लुगा आदिले आकर्षक र राम्रो देखिन्छ, त्यसरी नै साहित्य पनि बाहिरी अलङ्कारले आकर्षक देखिन्छ । आफ्नो भावलाई प्रभावपूणै ढङ्गले अर्कामा संप्रेषण गर्नका

लागि साहित्यमा अलङ्कार प्रभावकारी माध्यम बन्न सक्छ ।....अलङ्कारले थोरै शब्दमा धेरै भावपूर्ण ढङ्गले भन्न सक्ने बनाउँछ । कुनै कुरालाई प्रभावकारी बनउनका लागि बढाई चढाई भन्ने गर्नु, कुनै कुरलाई अर्को वस्तुसँग काल्पनिक तुलना गर्नु अथवा सम्भावना गर्नु, दुई समान धर्मका वस्तुमा भेद नै छैन कि जस्तो देखाउनु, अर्काले भनेको अभिप्रायलाई बुझ्दा बुझ्दै पनि नबुझे झैं गरेर त्यसको अर्कै अर्थ लगाइदिनु, असम्भव वस्तुको कसैसँग तुलना गरेर देखाउनु आदि वैचित्र्यले साहित्यलाई उच्चस्तरीय बनाउन ठूलो योगदान दिन्छ (अधिकारी,२०४८, पृ. ५५) अथवा (अधिकारी,२०४८ : ५५)

(घ) उद्धृत सामग्रीलाई अप्रत्यक्ष कथनमा उल्लेख गर्दा वा अध्येताका लामा जटिल खाले सामग्री वा कथनलाई प्याराफ्रेज (आफ्ना वा फरक शब्दमा) गर्दा पनि लेखकको थर, कृतिको प्रकाशन बर्ष र पृ. संख्या दिनुपर्छ, जस्तै :

जहाँ सम्म स्वच्छन्दतावादी धाराभित्र देवकोटाका कवित्वको तुलना वा प्राप्तिको सन्दर्भ छ, उनी भावको व्यापकता, विषयको वेधन र ओजस्विताका दृष्टिले यस धाराका सर्वोत्कृष्ट नेपाली कवि हुन् भन्ने कुरामा शङ्का छैन (त्रिपाठी, २०३२, पृ. १४५) ।

यसलाई नेपालीमा यसरी पनि लेख्ने गरिएको छ :

जहाँ सम्म स्वच्छन्दतावादी धाराभित्र देवकोटाका कवित्वको तुलना वा प्राप्तिको सन्दर्भ छ, उनी भावको व्यापकता, विषयको वेधन र ओजस्विताका दृष्टिले यस धाराका सर्वोत्कृष्ट नेपाली कवि हुन् भन्ने कुरामा शङ्का छैन (त्रिपाठी, २०३२ : १४५) ।

(ङ) सारांश वा प्याराफ्रेज गर्दा

आचार्य (२०४७) व्याख्या गर्दछन् कि भानुभक्त आचार्यका कवितामा लालित्य, सरलता र विचारको मैलिकता पाइन्छ (पृ. ९) ।

(च) उद्धृत सामग्रीको प्रकृतिअनुसार गर्भे टिप्पणीको प्रयोग गर्नु पर्दछ । जस्तै :

चैतन्य (२०६०) ले "इच्छुकको बन्दी र चन्द्रागिरि : एक्काइसौं शताब्दीको एक उत्कृष्ट प्रारूप"(कलम, पृ. २८) भन्ने लेखमा लेखेका छन्- "इच्छुकको बन्दी र चन्द्रागिरि.....विलक्षण क्रान्तिकारी काव्य बन्न गएको छ"।

यसलाई छोटो र छरितो रूपमा यसरी लेख्न पनि देखाउन सकिन्छ :

चैतन्य (२०६०) ले इच्छुकको बन्दी चन्द्रागिरिको मूल्याङ्कन गर्दै लेखेका छन्, "इच्छुकको बन्दी र चन्द्रागिरि . . . विलक्षण क्रान्तिकारी काव्य बन्न गएको छ" (पृ. २५) ।

(छ) दुई लेखक भएमा

शर्मा र श्रेष्ठ (२०४९) का अनुसार सं.२०३०को दशकमा नेपाली उपन्यासमा अनेक प्रयोगहरू भए (पृ.११४) ।

(ज) ३ देखि ५ लेखक भएमा प्रत्येक लेखकको थर र अन्तमा पृ. सङ्ख्या उल्लेख गर्नुपर्छ ।

(झ) छ वा त्यो भन्दा बढी लेखक भए पहिलो लेखकको थर र 'अरूहरू' भन्नुपर्छ ।

(ञ) लेखक अज्ञात भए कामकै शीर्षक दिनुपर्छ र प्रकाशन साल उल्लेख गर्नुपर्छ ।

(ट) सङ्घ संस्था वा सङ्गठन नै लेखक भए त्यही सङ्घ संस्था वा सङ्गठनकै नाम र प्रकाशन वर्ष र पृ. सङ्ख्या दिनुपर्छ ।

## शोधकार्यको अन्त्यमा उद्धृत सामग्रीको सूची वा सन्दर्भसूची (रेफरेन्स वा वर्क साइटेड) राख्ने तरिका : एमएलए र एपिए शैलीमा

शोध तथा प्राज्ञिक लेखन कार्यका अन्त्यमा सन्दर्भसामग्री सूची राख्नुपर्दछ । यसका लागि अङ्ग्रेजीमा *बिब्लियोग्राफी* तथा *रेफरेन्स* वा *वर्क साइटेड* जस्ता शब्द प्रचलित देखिन्छन् । लेखनका क्रममा अवलोकन गरिएका सामग्रीहरूको सूचीलाई *बिब्लियोग्राफी* र उद्धृत गरिएका सामग्रीहरूको सूचीलाई *रेफरेन्स* वा *वर्क साइटेड* भनिन्छ । मौलिक पुस्तकका लेखनका लागि *बिब्लियोग्राफी* राखिए पनि शोध तथा प्राज्ञिक लेखन कार्यका लागि भने *रेफरेन्स* वा *वर्क साइटेड* (उद्धृत सामग्रीको सूची) मात्र राखिन्छ । सन्दर्भस्रोतको सूची लेखकको थरको वर्णानुक्रम अनुसार तयार पारिन्छ । लेखकको मान, पदवी, उपाधि उल्लेख गरिँदैन । प्राज्ञिक वा शोधलेख लेख्दा उद्धरणको सन्दर्भस्रोत जुन पद्धतिमा दर्शाइएको छ त्यही पद्धतिअनुसार सन्दर्भसामग्री सूची तयार पार्नुपर्छ ।

यहाँ एपिए पद्धतिका लागि ह्याकर र सोमर्स, छोटौं संस्करण तथा एमएलए पद्धतिका लागि एमएलए हेन्डबुक आठौं संसोधनअनुसार दुवै पद्धतिको सन्दर्भसूची नमुना देखाइएको छ (३९–५१ र ९९–१८९) ।

सन्दर्भसूची तयार गर्दा निम्न ९ ओटा तत्त्वहरूको क्रम मिलाउने तर्फ ध्यान दिनुपर्छ :

१. लेखक (अथर) २. शीर्षक (टाइटल अफ सोर्स) ३. संग्रहको शीर्षक (टाइटल अफ कन्टेनर) ४. अरू लेखन प्रदायकहरू सम्पादक अनुवादक आदि (ओदर कन्ट्रिब्युटर्स) ५. संस्करण (भरसन) ६. अङ्क, भोलम (नम्बर) ७. प्रकाशक (पब्लिसर) ८. प्रकाशन मिति (पब्लिकेसन डेट) ९. पृष्ठ स्थान (लोकेसन)

### लेखक (अथर) को प्रबिष्टि

(क) एउटा लेखकको कार्य

**एमएलए पद्धति**

बन्धु, चूडामणि. *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्नपुस्तक भण्डार, २०५२ ।

Slade, Carole, and Perrin Robert. Form and Styel.13th ed. Bostan : Houghton Mifflin Company, 2009 .

(लेखकको थर, नाम, पुस्तकको नाम (पुस्तकको नामलाई इटालिक गर्ने), (संस्करण) प्रकाशन स्थान, प्रकाशक, प्रकाशन साल दिने)

**एपिए पद्धति**

बन्धु, चूडामणि (२०५२). *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

Slade, C., and Perrin R. (2009). Form and Styel.13th ed. Bostan : Houghton Mifflin Company.

(लेखकको थर, नाम दिने अनि पुस्तकको नाम उल्लेख गर्ने (पुस्तकको नामलाई इटालिक गर्ने), संस्करण दिने, प्रथम संस्करण मात्र भए उल्लेख गर्न नपर्ने, प्रकाशन स्थान, प्रकाशक र प्रकाशन बर्ष दिने)

**नोट :** एमएलए पद्धतिमा लेखकको पुरै नाम लेखिन्छ भने एपिए पद्धतिमा थर पुरा र पहिलो तथा मध्य नामलाई छोटोमा लेखिन्छ तर नेपाली भाषामा नाम छोटो पार्ने प्रचलन नभएको हँदा एमएलए पद्धति जस्तै पुरै लेखे हुन्छ ।

(ख) एउटै लेखकका एकै सालका धेरै कार्यहरू भएमा

**एमएलए पद्धति**

लम्साल, तिलकप्रसाद. "मोरङ जिल्लाका कवि र उनीहरूको कवित्व", *अभिव्यक्ति,* बर्ष ४०, पूर्णाङ्क १४२, २०६६ क, पृ.१५–४१ ।

..... “मुसाको सिङमा उम्रिएका कवि भानुभक्त पोखरेल”, *मिर्मिरे,* वर्ष ३८, अङ्क २, पू. २८५, २०६६ख, पृ.३५–४५ ।

**एपिए पद्धति**

लम्साल, तिलकप्रसाद (२०६६क). “मोरङ जिल्लाका कवि र उनीहरूको कवित्व”, *अभिव्यक्ति,* बर्ष ४०, पूर्णाङ्क १४२, पृ.१५–४१ ।

...... (२०६६ख). “मुसाको सिङमा उम्रिएका कवि भानुभक्त पोखरेल”, *मिर्मिरे,* वर्ष ३८, अङ्क २, पू. २८५, पृ.३५–४५ ।

(उही लेखकका दुई वा दुईभन्दा बढी कृति भए वा लेखकको नाम उहि भए नाम दोहोऱ्याउनु पर्दैन, एउटा लामो धर्को ताने हुन्छ ।)

(ग) एउटै लेखकका एकभन्दा बढी कार्य

**एमएलए पद्धति**

उपाध्याय, केशवप्रसाद. *पूर्वीय साहित्य सिद्धान्त,* (द्वि. सं.), ललितपुर : साझा प्रकाशन, २०४८ ।

...............“खण्डकाव्यमा भानुभक्त पोखरेल”, गरिमा, वर्ष २६, अङ्क १२, २०६५, पृ. ४६–६० ।

(दोस्रो कार्यपछि लेखकको थर र नाम लेखेर एउटा लामो धर्को दिने)

**एपिए पद्धति**

उपाध्याय, केशवप्रसाद (२०४८). *पूर्वीय साहित्य सिद्धान्त,* (द्वि. सं.), ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६५). “खण्डकाव्यमा भानुभक्त पोखरेल”, गरिमा, वर्ष २६, अङ्क १२, पृ. ४६–६० ।

(एकभन्दा बढी कार्य भए प्रकाशन क्रममा राख्नुपर्छ ।)

(घ) दुई लेखकका कार्यहरू भएमा

**एमएलए पद्धति**

शर्मा, मोहनराज, र दयाराम श्रेष्ठ, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* तेस्रो संस्क, काठमाडौं : साझा प्रकाशन, २०४९ ।

Dorris, Michael, and Louise Erdrich. The Crown of Columbus. HarperCollins Publishers,1999.

(पहिलो लेखकको नाम मात्र वर्णानुक्रममा राख्ने र अरू लेखकको सिधै नाम थर नै दिने)

**एपिए पद्धति**

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४९), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* तेस्रो संस्क, काठमाडौं : साझा प्रकाशन ।

(दुई देखि सातजना सम्म लेखक भए लेखकको थर र नाम क्रमा दिएर क्रमशः लेख्दै जाने)

(ङ) तीन वा धेरै लेखकहरू भएमा

**एमएलए पद्धति**

त्रिपाठी, वासुदेव र अन्य (२०५३). नेपाली कविता भाग–४, ललितपुर : साझा प्रकाशन ।

Burdick, Anne, et al. Digital_Humanities. MIT P,2012.

(चार जनासम्म लेखक भए थर, नाम लेख्नुपर्छ, त्यसभन्दा बढी भए एक जनाको थर लेखेर बाँकीका लागि et al अर्थात् ‘र अरूहरू’ वा ‘अन्य’ बाट सङ्केत गर्ने ।

यसका उपयुक्त आकार र हाम्रो प्रचलनलाई हेर्दा तिन जनासम्मको नामै उल्लेख गर्ने र त्यस भन्दा बढी रहेछन् भने भत बा अर्थात् ‘र अरूहरू’ बाट सङ्केत गर्नु राम्रै हुन्छ । (पाण्डेय २४१)

**एपिए पद्धति**

शर्मा, मोहनराज, र लुइटेल, खगेन्द्र (२०५२). शोधविधि, ललितपुर : साझा प्रकाशन ।

Musick, M. A., & Wilson, J. (2007). *Volunteers: A social profile*. Bloomington: Indiana University Press.

Diessner, R., Solom, R. C., Frost, N. K., Parsons, L., & Davidson, J. (2008). Engagement with beauty: Appreciating natural, artistic, and moral beauty. *The Journal of Psychology*,

(दुई देखि छ वा सातजना सम्म लेखक भए लेखकको थर र नाम अल्पविराम (कमा) दिएर क्रमशः लेख्दै जाने)

(च) आठ वा त्यो भन्दामाथि लेखकहरू भएमा

**एमएलए पद्धति**

(चार जनासम्म लेखक भए थर, नाम लेख्नुपर्छ, त्यसभन्दा बढी भए एक जनाको थर लेखेर बाँकीका लागि et al अर्थात् 'र अरूहरू' वा 'अन्य' बाट सङ्केत गर्ने ।

**एपिए पद्धति**

Mulvaney, S. A., Mudasiru, E., Schlundt, D. G., Baughman, C. L., Fleming, M., VanderWoude, A., . . . Rothman, R. (2008). Self-management in Type 2 diabetes: The adolescent perspective. *The Diabetes Educator, 34*, 118-127.

(पहिला ६ ओटा लेखकहरूको थर नाम दिने त्यसपछि तीन ओटा थोप्ला दिएर अन्तिम लेखकको थर र नाम दिने)

(छ) लेखकको नामविना प्रकाशित स्रोत

**एमएलए पद्धति**

*Beowulf*. Translated by Alan Sullivan and Timothy Murphy, edited by Sarah Anderson, Pearson, 2004.

(कार्यको शीर्षकबाटै सुरु गर्ने)

**एपिए पद्धति**

*New concise world atlas*. (2007). New York, NY: Oxford University Press.

(कार्यको शीर्षकबाटै प्रबिष्टि गर्नुपर्छ ।)

(ज) लेखक व्यक्ति नभएमा (संगठित संस्था, सङ्गठन, सरकारी निकाय वा अन्य सङ्घसंस्था)

**एमएलए पद्धति**

United Nations. *Consequences of Rapid Population Growth in Developing Countries.* Taylor and Francis, 1991.

(संस्थाको नामबाटै सुरु गर्ने)

**एपिए पद्धति**

United Nations. (1991). *Consequences of Rapid Population Growth in Developing Countries.* Taylor and Francis.

(संस्थाको नामबाटै सुरु गर्ने)

(झ) सङ्घसंस्था नै लेखक भएमा

**एमएलए पद्धति**

*Reading at Risk: A Survey of Literary Reading in America*. National Endowment for the Arts, June 2004.

(शीर्षकबाटै सुरु गर्ने, प्रकाशकको रूपमा संगठनलाई राख्ने)

**एपिए पद्धति**

American Psychiatric Association. (1994). *Diagnostic and statistical manual of mental disorders* (4th ed.). Washington, DC: Author.

(सङ्घसंस्था कै नाम दिने)

(ञ) सम्पादनहरूको प्रविष्टि

**एमएलए पद्धति**

**एउटा सम्पादकको कार्य**

पोखरेल, बालकृष्ण, सम्पा. *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

Nunberg, Geoffrey, editor. *The Future of the Book.* U of California P, 1996.

**एपिए पद्धति**

पोखरेल, बालकृष्ण, (सम्पा.), (२०५५) *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

Aronson, J., & Aronson, E. (Eds.). (2008). *Readings about the social animal* (10th ed.). New York, NY: Worth.

दुई वा दुईभन्दा बढी सम्पादकको कार्य

**एमएलए पद्धति**

सम्पादकलाई बहुवचन बनाएर

Baron, Sabrina Alcorn, et al., editors. *Agent of Change: Print Culture Studies after Elizabeth L. Eisenstein*. U of Massachusetts P / Center for the Book, Library of Congress, 2007.

**एपिए पद्धति**

Denton, N. A. (2006). Segregation and discrimination in housing. In R. G. Bratt, M. E. Stone, & C. Hartman (Eds.), *A right to housing: Foundation of a new social agenda* (pp. 61-81).

Philadelphia, PA: Temple University Press.

(एउटा सम्पादकलाई सम्पा, र दुई वा दुईभन्दा बढी भए सम्पाहरू भन्न सकिन्छ ।)

अनुवादको प्रविष्टि

**एमएलए पद्धति**

अन्य भाषाबाट अनुवाद गरिएका कार्य

अनुवादक भन्ने, द्वारा भनेर मुल लेखकको नाम पनि दिने

Pevear, Richard, and Larissa Volokhonsky, translators. *Crime and Punishment*. By Feodor Dostoevsky, Vintage eBooks, 1993.

**एपिए पद्धति**

Steinberg, M. D. (2003). *Voices of revolution, 1917* (M. Schwartz, Trans.). New Haven, CT: Yale University Press. (Original work published 2001)

फिल्म टेलिभिजनको प्रविष्टि

**एमएलए पद्धति**

फिल्म र टेलिभिजनका कार्य

त्यहाँ खेलेको भूमिकालाई जोड दिएमा

Gellar, Sarah Michelle, performer. *Buffy the Vampire Slayer*. Mutant Enemy, 1997- 2003.

Whedon, Joss, creator. *Buffy the Vampire Slayer*. Mutant Enemy, 1997-2003.

व्यक्तिगत योगदानलाई जोड नदिएमा शीर्षकबाटै सुरु गर्ने

*Buffy the Vampire Slayer*. Created by Joss Whedon, performance by Sarah Michelle Gellar, Mutant Enemy, 1997-2003.

अनलाइन युजरनेमको प्रयोग गर्दा

**एमएलए पद्धति**

@persiankiwi. "We have report of large street battles in east & west of Tehran now #Iranelection." *Twitter*, 23 June 2009,11:15 a.m., twitter.com/persiankiwi/status/2298106072.

अनलाइन जर्नलमा लेख

**एपिए पद्धति**

Ashe, D. D., & McCutcheon, L. E. (2001). Shyness, loneliness, and attitude toward celebrities. *Current Research in Social Psychology, 6,* 124-133. Retrieved from http://www. uiowa .edu/~grpproc/crisp /crisp.html

**शीर्षक (टाइटल अफ सोर्स)**

**एमएलए पद्धति**

लेखकको नाम पछि शीर्षक राखिन्छ।

Puig, Manuel. *Kiss of the Spider Woman.* Translated by Thomas Colchie, Vintage Books, 1991.

मुख्य शीर्षक पछि उपशीर्षक राखिन्छ।

Joyce, Michael. *Othermindedness: The Emergence of Network Culture.* U of Michigan P, 2000.

स्वयंमा पूर्ण पुस्तकाको शीर्षकलाई इटालिकमा देखाइन्छ।

Jacobs, Alan. *The Pleasures of Reading in an Age of Distraction.* Oxford UP, 2011.

धेरै लेखकहरूद्वारा लेखिएको निबन्धहरू, कथाहरू र कविताहरूको संग्रह

Baron, Sabrina Alcorn, et al., editors. *Agent of Change: Print Culture Studies after Elizabeth L. Eisenstein.* U of Massachusetts P / Center for the Book, Library of Congress, 2007.

संग्रहभित्रका निबन्धहरू, कथाहरू र कविताहरूलाई दोहोरो उद्धरण चिन्हमा राखिन्छ।

Dewar, James A., and Peng Hwa Ang. "The Cultural Consequences of Printing and the Internet." *Agent of Change: Print Culture Studies after Elizabeth L. Eisenstein*, edited by Sabrina Alcorn Baron et al., U of Massachusetts P / Center for the Book, Library of Congress, 2007, pp. 365-77.

जर्नल, मेगेजिन, न्युजपेपर भित्रका लेखहरूलाई पनि दोहोरो उद्धरण चिन्हमा राखिन्छ ।

Goldman, Anne. "Questions of Transport: Reading Primo Levi Reading Dante." *The Georgia Review*, vol. 64, no. 1, 2010, pp. 69-88.

टेलिभिजन सेरिजलाई इटालिकमा राखिन्छ ।

*Buffy the Vampire Slayer.* Created by Joss Whedon, performance by Sarah Michelle Gellar, Mutant Enemy, 1997-2003.

टेलीभिजनको इपिसोडलाई दोहोरो उद्धरण चिन्हमा राखिन्छ ।

"Hush." *Buffy the Vampire Slayer*, created by Joss Whedon, performance by Sarah Michelle Gellar, season 4, episode 10, Mutant Enemy, 1999.

वेभसाइटको पुस्तकलाई इटालिकमा राखिन्छ ।

Hollmichel, Stefanie. *So Many Books.* 2003-13,

somanybooksblog.com.

वेभसाइटका पोष्ट र लेखहरूलाई दोहोरो उद्धरण चिन्हमा राखिन्छ ।

Hollmichel, Stefanie. "The Reading Brain: Differences between Digital and Print." *So Many Books*, 25 Apr. 2013, somanybooksblog.com/2013/04/25/thereading- brain-differences-between-digitaland-print/.

**एपिए पद्धति**

गौतम, कृष्ण (२०६७). उत्तरआधुनिक संवाद, काठमाडौं : भृकुटी एकेडेमी पब्लिकेसन्स ।

**संग्रहको शीर्षक (टाइटल अफ कन्टेनर)**

**एमएलए पद्धति**

संग्रहको शीर्षक प्राय इटालिकमा राखिन्छ, त्यसपछि कमाको प्रयोग हुन्छ ।

लम्साल, तिलकप्रसाद. "ढुङ्गो टुसाउने भानुभक्त पोखरेल", गरिमा, वर्ष २९, अङ्क २, २०६७, पृ.६१–५० ।

Williams, Joy. "Rogue Territory." *The New York Times Book Review,* 9 Nov. 2014, pp. 1

एपिए पद्धति

लम्साल, तिलकप्रसाद.(२०६७) "ढुङ्गो टुसाउने भानुभक्त पोखरेल", गरिमा, वर्ष २९, अङ्क २, पृ. ६१–५० ।

**संस्करण (भरसन)**

**एमएलए पद्धति**

Miller, Casey, and Kate Swift. *Words and Women*. Updated ed., HarperCollins Publishers,1991.

एपिए पद्धति

Newcomb, Horace, editor. (2007). *Television: The Critical View*. (7th ed.). Oxford UP.

**अङ्क, भोलम (नम्बर)**

**एमएलए पद्धति**

Rampersad, Arnold. *The Life of Langston Hughes*. 2nd ed., vol. 2, Oxford UP, 2002.

Baron, Naomi S. "Redefining Reading: The Impact of Digital Communication Media." *PMLA*, vol. 128, no. 1, Jan. 2013, pp. 193-200.

**एपिए पद्धति**

O'Brien, J. A. (Ed.). (2006). *The production of reality: Essays and readings on social interaction* (4th ed.). Thousand Oaks, CA: Pine Forge Press.

**प्रकाशक (पब्लिसर)**

**एमएलए पद्धति**

Jacobs, Alan. *The Pleasures of Reading in an Age of Distraction*. Oxford UP, 2011. Lessig, Lawrence. *Remix: Making Art and Commerce Thrive in the Hybrid Economy*. Penguin Press, 2008.

फिल्म र टेलिभिजन सेरिजको प्रकाशक

**एमएलए पद्धति**

Kuzui, Fran Rubel, director. *Buffy the Vampire Slayer*. Twentieth Century Fox, 1992.

वेभसाइटहरूको प्रकाशक

**एमएलए पद्धति**

Harris, Charles "Teenie." *Woman in Paisley Shirt behind Counter in Record Store*. *Teenie*

*Harris Archive*, Carnegie Museum of Art, Pittsburgh, teenie.cmoa.org/interactive/index.html#dat

**प्रकाशन मिति (पब्लिकेसन डेट)**

**एमएलए पद्धति**

Deresiewicz, William. "The Death of the Artist—and the Birth of the Creative Entrepreneur." *The Atlantic*, Jan.-Feb. 2015, pp. 92-97.

**पृष्ठ स्थान (लोकेसन)**

**एमएलए पद्धति**

Baron, Naomi S. "Redefining Reading: The Impact of Digital Communication Media." *PMLA*, vol. 128, no. 1, Jan. 2013, pp. 193-200.

अन्तर्वार्तालाई सन्दर्भसूचीमा समावेश गर्नुपर्दैन ।

## निष्कर्ष

कुनै विषयलाई सैद्धान्तिक दृष्टिकोणले व्याख्या विश्लेषण गरेर निकालिएको निष्कर्ष लेखन नै शोधलेखन हो । लेख स्तरीय लिखित रूपलाई शोधलेख वा अनुसन्धानमूलक लेख वा प्राज्ञिक लेख पनि भनिन्छ । प्रबन्धस्तरीय शोधलेखनलाई शोधप्रतिवेदन भनिन्छ । शोधलेख वा अनुसन्धानमूलक लेख (प्राज्ञिक लेख) तथा शोधप्रतिवेदन तयार गर्दा अनुसन्धानको विषय र प्रकृति तथा शोध गराउने संस्थाको अपेक्षाअनुसार एमएलए वा एपिएमध्ये कुनै एक पद्धतिको उपयोग गरिन्छ । यी दुईको प्रयोगमा सामान्य मात्र भिन्नता देखिन्छ । यसमा गर्भे टिप्पणी (प्यारेन्थिटिकल रेफरेन्स) गर्दा एमएलए वा एपिए जुन पद्धतिको प्रयोग गरिएको हो, त्यसै अनुरूप लेखनकार्यको अन्त्यमा सन्दर्भ सूची मिलाएर राख्नु पर्ने तर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


कोइराला, कुमारप्रसाद, "शोधलेख लेखन" *अपरा,* १ : १, २०७०, पृ. १४–२३

चालिसे, नारायण, *शोध सिद्धान्त र प्रतिवेदन लेखन,* काठमाडौं : कृति पौडेल, २०७३

त्रिपाठी, वासुदेव, साहित्य-सिद्धान्त : *शोध तथा सृजनविधि,* काठमाडौं : पाठ्य सामाग्री पसल, २०६६

बन्धु, चूडामणि, *अनुसन्धान तथा प्रतिवेदन लेखन, दोस्रो संस्करण,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०६५

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, *शोधविधि,* ललितपुर : साझा प्रकाशन, २०५२

शर्मा, हरिमोहन, "शोधपत्रका लेखन, सुव्यवस्थापन और प्रस्तुतीकरण", *अनुसंधान स्वरूप और आयाम,* सम्पादक उमाकान्त गुप्त, बज्ररतन जोशी, नयाँ दिल्ली : वाणी प्रकाशन, २०१६ इ.,पृ.२५४–१७४

पाण्डेय, ताराकान्त, "साहित्यिक शोधविधि : सिद्धान्त तथा प्रयोगपक्ष", *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक), सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मण गौतम, काठमाडौं : रत्न पुस्तक भण्डार, २०५२, पृ.२२४-२४३

पोखरेल, बालकृष्ण, सम्पा. *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५० ।

*A Manual on Formatting and Organizing Dissertations*, kirtippur, Kathmandu :Tribhun University, Faculty of Humanities and Social Science, Dean's Office, 2014

Hacker, Diana and Sommers, Nancy, *A Pocket Styal Manual, APA Version,* Sixth Edition, Harvard University

*MLA HANDBOOK EIGHT EDITION*, New York : The Modern Language Association of America, 2016.


❑